सिमकोट गाउँपालिका,हुम्ला

# पूर्ण सरसफाइ प्रबर्धनको लागि स्थानीय तहको कार्य योजना

२०८२

(२०८२-२०८४)

सिमकोट गाउँपालिका

कार्यपालिकाको कार्यालय

२०८२

विजय भण्डारी
अध्यक्ष

CamScanner

## 1. पृष्ठभूमि:

नेपालको संबिधान २०७२ को धारा धारा ३० मा स्वच्छ वातावरणमा वस्न पाउने हक र धारा ३५ (४) ले खानेपानी तथा सरसफाइलाइ मौलिक अधिकारको रुपमा व्याख्या गरेको छ। त्यसो त बि.स. २०७६ आश्विन १३ गते नेपाल खुला दिसामुक्त घोषणा भए पछि देश पूर्ण सरसफाइको दिशामा अग्रसर भएको छ। नेपाल सरकारले बि.स. २०७३ मा तय गरेको रास्ट्रिय सरसफाइ सम्बन्धि मार्ग दर्शन अनुसार खुला दिसा मुक्तिको अबस्था हासिल भइसकेपछि पूर्ण सरसफाइ तर्फको यात्राको लागि स्थानीय सरकारको तहमा योजना तर्जुमा सहित ७ वटा प्रमुख सूचकहरु र उप-सूचकहरु निर्धारण गरेको छ।

नेपालको संबिधान २०७२ ले मुलभूत रुपमा खानेपानी तथा सरसफाइको अधिकार स्थानीय तहमा नै निश्रृत रहेकाले खुला दिसा मुक्त घोषणा भए पछिको अबस्थामा सरसफाइ तथा स्वच्छताको सन्दर्भमा देखिएका सवालहरुलाई सम्बोधन गर्दै खुला दिसामुक्तको अबस्थालाई कायम राख्न तथा दिगो विकास लक्ष्य अनुसारको लक्ष्य हासिल गर्ने दिशा तर्फ अग्रसर हुन सिमकोट गाउँपालिकाले उच्च प्राथमिकता दिएकोछ। यसै सन्दर्भमा सिमकोट गाउँपालिकामा सुरक्षित तथा ब्यबस्थित सरसफाइ तथा पूर्ण सरसफाइलाइ समन्वयात्मक, बस्तुगत तथा प्रभावकारी रुपमा अगाडि बढाउनको लागि लाइ यो पूर्ण सरसफाइ प्रबर्धन सुरक्षित तथा ब्यबस्थित सरसफाइको लागि कार्य योजना तयार गरी लागु गरिएको छ।

## 2. उद्वेश्य: यो कार्य योजनाका देहाय बमोजिमका उद्वेश्य रहेका छन्।

- पालिका क्षेत्र भित्र सुरक्षित तथा ब्यबस्थित सरसफाइ तथा पूर्ण सरसफाइको लागि सुचकहरुको आधारमा बिध्यमान अबस्थाको चित्रण गर्दै लक्ष्य निर्धारण गर्ने।
- सुरक्षित तथा ब्यबस्थित सरसफाइ र पूर्ण सरसफाइको लागि विद्यमान स्रोत साधनको आकलन गरेर स्रोत साधन परिचालनको लागि कार्य योजना बनाउने
- पालिका क्षेत्रमा कार्यरत सरकारी, गैरसरकारी निकायहरुको पहिचान तथा समन्वय तथा सहकार्यको क्षेत्र पहिचान गरी कार्य योजना बनाउने

## 3. पूर्ण सरसफाइको बर्तमान अवस्था:

हुम्ला जिल्लालाई बि.स. २०७४ मंसिर १९ गते मा खुल्ला दिसामुक्त घोषणा भएको थियो। यद्यपि बिभिन्न निकाय तथा यस पालिकाबाट गरिएको अध्ययन अनुसार बिगतमा कच्ची शौचालय निर्माण भएको कारण त्यस्ता शौचालय भत्केको, घरधुरी अलगिएको कारण र अन्य कारणले केहि घरधुरीमा अझै पनि शौचालय नभएको तथ्यांक देखिएको छ। त्यसो त पूर्ण सरसफाइका सूचकहरुमा निर्धारण गरिएका सूचक अनुसारले सुधार गर्नु पर्ने, सरसफाइका सुबिधाको निर्माण, सुधार तथा संचालन कुन हद सम्म भएको छ भन्ने अनुगमन गर्नु आबश्यक रहेको छ।

विजय भण्डारी
अध्यक्ष

4. **पूर्ण सरसफाइको बर्तमान अबस्थाको सन्दर्भमा यस पालिकाको अवस्था देहाय बमोजिम रहेको छ ।**

| प्रमुख सूचक | उपसूचकहरु | बर्तमान अवस्था तथा अभ्यास स्थानीय तहमा के कस्तो अवस्था छ, छलफल तथा विद्यमान सुचनाको आधारमा भर्ने |
|---|---|---|
| सुरक्षित चर्पीको प्रयोग | - आधारभूत तथा सुधारिएको सुरक्षित चर्पीमा पहूच | - शौचालय नभएका,१६.३प्रतिशत असुरक्षित, साझा ९.८ प्रतिशत, आभारभूत ३६.५ प्रतिशत सुधारिएको शौचालय भएका घरधुरीको सङ्कख्या२५.५ प्रतिशत रहेको छ । वास युनिट सुस्वा सर्वेक्षण २०८१ |
| | - चर्पीको सफाइ तथा स्वच्छता | - शौचालयको सरसफाइ गर्ने जस्तो कि, सरसफाइको सामग्रीको व्यवस्था गरेका, सधै शौचालय सफा राख्ने, नजिकै हात धुने स्थानको व्यवस्था भएका घरधुरीको सङ्ख्या १५ प्रतिशत स्रोत सुस्वा सर्वेक्षण २०८१ |
| | - सबै परिवारबाट शौचालयको प्रयोग | - परिवारका सबै सदस्यहरुले महिनावारीको समयमा पनि पनि शौचालयको प्रयोग गर्ने गरेका छैनान ६३प्रतिशत जति घरधुरीका सदस्यले शौचालयको प्रयोग गर्दैनन् स्रोत र सुस्वा सर्वेक्षण २०८० |
| व्यक्तिगत सरसफाइ तथा हातधुने आनिबानि | - साबुनपानी सहितको हातधुने स्थान | - ६३ प्रतिशत घरधुरीमा सबै समयमा उपलब्ध हुने साबुन पानी सहितको हात धुने स्थानको व्यवस्था छ प्राय ले शौचालय प्रयवग गरे पछि सावुन पानीले हात धुने गरेका छन । |
| | - महिनावारी स्वच्छताका सामाग्री स्यानिटरी प्याड फोहोर फाल्ने खाडलमा बिसर्जन | - विधालय स्तरमा छात्रा तथा शिक्षिका लाई स्यानिटरी प्याड प्रयोग गर्ने गरेका र कुनै विधालयमा बिर्सजन खाडल प्रयोग गरेका छन ।<br>- महिनावारी स्वच्छताका सामग्रीहरु स्यानिटरी प्याड फाल्नको लागि निश्चित स्थानको व्यवस्था छैन धैरै महिलाले घरका पुराना कपडा प्रयोग गर्ने गरेका छन । |
| | - पुन प्रयोग गर्न सकिने स्वच्छताका सामग्री सफा संग धुने तथा घाममा सुकाउने | - पुन प्रयोग गर्न मिल्ने सकिने स्वच्छताका सामाग्रीलाइ सफा संग धुने, घाममा सुकाउने अभ्यास छ । |

विजय भण्डारी
अध्यक्ष

| | | |
|---|---|---|
| सुरक्षित खानेपानी | - क्लोरिनेटेड, उमालेको तथा रास्ट्रिय मापदण्ड सहितको खानेपानी | - क्लोरिनेटेड, उमालेको तथा रास्ट्रिय मापदण्ड सहितको खानेपानी पुगेको जनसंख्याको ३२.९५प्रतिशत छ। ४८ प्रतिशत घरमा पानी उमाल्ने चलन गरेका छन। |
| | - खानेपानीको सुरक्षित भण्डारण | - यस पालिकामा ४७ प्रतिशतले सबै घरपरिवारले खानेपानीको भण्डारण सुरक्षित किसिमले गरेका छैन्<br>- वाकी घरपरीवारले सुरक्षित भण्डारण गरेका छन्। |
| | - सुधारिएको स्रोत तथा ब्यबस्थित खानेपानी योजनाबाट खानेपानीको प्रयोग | - पालिका क्षेत्रमा ग्रयाभिटी सिस्टम आयोजनाबाट खानेपानीको व्यवस्था छ। खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको दर्ता, नियमित बैठक, आयोजानाको नियमित मर्मत सम्भार तथा संचालनको वास इकाई ले गर्ने गरेको छ । |
| खानाको स्वच्छता | - भाडा माझ्ने स्थान र सफा भाडाको प्रयोग | - के सबै घरपरिवारकोमा भाडा धुने स्थान छ। २४ प्रतिशत घरधुरीले पक्की चाङ्ग जुठ्यन निर्माण गरेका छन। |
| | - सफा भान्सा | - पालिकाका सबै स्थानमा भान्साको अवस्था ३८ प्रतिशत घरमा भान्सा सफा राखेको देखिन्छ । सुधारिएको भान्साको लागि १०० प्रतिशत घरमा सुधारिएको चुल्हो छ। |
| | - फलफुल तथा काचै खाने खानेकुरा सफा गरेर मात्र खाने गरेको | - काचै खानेकुरा सफा गरेर खाने चलन २५ प्रतिशत घरधुरीमा देखिन्छ।<br>- वाकी घरधुरीमा खानेकुरा सफा गरेर खानेचलन खासै देखिदैन |
| घरायसी तथा संस्थागत सरसफाइ | - घर भित्र र बाहिर सफा | - घरभित्र र बाहिरको सफाइको अवस्थाको हिसाव ले हेर्दा ३३ प्रतिसत घरधुरीमा सफा नभएको देखिन्छ ।<br>- वाकी घरधुरीमा घर भित्र र बाहिर सफा रहेको छ |
| | - सड्ने तथा नसड्ने बस्तुको बर्गिकरण | - घरायसी स्तरमा सड्ने र नसड्ने बस्तुको बर्गिकरणको लागि खाडलको व्यवस्था छ।१२ प्रतिशत घरमा यो व्यवस्था छ। |

भण्डारी

| | | |
|---|---|---|
| | - घरपालुवा बस्तुको गोठ तथा खोरको उचित सरसफाइ तथा व्यबस्थापन | - ७५ प्रतिशत घरमा घरपालुवा बस्तुको गोठ तथा खोर घर भन्दा अलग नभएकाले गोठेमल को नियमित सफा गर्ने चलन नभएको पाएको छ । |
| बाताबरनिय सरसफाइ | - फोहोर पानीको करेसाबारीमा प्रयोग तथा अन्य तवरले उचित ब्यबस्थापन | - ४२ प्रतिशत घरमा करेसाबारी छ । खेर गएको पानी करेसाबारीमा लगाउने गरेको छ । खेर गएको पानीको ब्यबस्थापनको लागि स्थानीय स्तरमा ढल निकासको व्यवस्था गरिएको छ। |
| | - ठोस तथा तरल फोहोरको उचित प्रबिधिबाट ब्यबस्थापन | - समुदाय स्तरमा ठोस तथा तरल फोहोरको उचित प्रकारले ब्यबस्थापनको लागि समुदाय स्तरमाफोहोर बर्गिकरण गर्ने, मल बनाउने, नसड्ने किसिमको फोहोर उच्च तापक्रममा जलाउने व्यबस्था छैन । नगरोन्मुख बस्तीमा ठोस तथा मानव मल मुत्र जन्य फोहोर ब्यबस्थापनको लागि प्रशोधन केन्द्रको व्यवस्था गरिएको छैन । पालिकाको निति तथा कार्यक्रम नरहेको। |
| | - करेसाबारी तथा हरियाली | - समुदाय स्तरमा करेसावारी मा ३४ प्रतिशतमा रहेको र हरियाली प्रबर्दन,का लागी वृक्षारोपन गर्ने गरेको छैन। |

विजय भण्डारी

## 5. पूर्ण सरसफाइ सम्बन्धि नतिजा प्राप्तिको लक्ष्य

| प्रमुख सूचक | उपसुचकहरु | इकाई | वर्तमान अवस्था २०२५ २०८१/८२ | २०२६ २०८२/८३ | २०२७ २०८३/८४ | २०२८ २०८४/८५ | कैफियत |
|---|---|---|---|---|---|---|---|
| आधारभूत र सुधारिएको (सुरक्षित)चर्पीको प्रयोग | सुधारिएको चर्पीमा पहूच (घरधुरी | प्रतिशत | २५.५ % | ५५% | ७६% | ८६% | |
| | आधारभूत चर्पीमा पहूच (घरधुरी) | प्रतिशत | ३६.५% | ५६% | ७६% | ९५% | |
| | चर्पीको सफाइ तथा स्वच्छता | अवस्था | ६२ % | ७२% | ८८% | ९६% | |
| | सबै परिवारबाट शौचालयको प्रयोग | अबस्था | ६३ % | ७३% | ८३% | ९६% | |
| व्यक्तिगत सरसफाइ तथा हातधुने आनिबानि | साबुनपानी सहितको हातधुने स्थान भएका घरधुरी | प्रतिशत | ६३ % | ७६% | ८८% | ९७% | |
| | महिनावारी स्वच्छताका सामाग्री स्यानिटरी प्याड फोहोर फाल्ने खाडलमा बिसर्जन गर्ने घरधुरी | प्रतिशत | १५% | ४६% | ८८% | ९५% | |
| | पुन प्रयोग गर्न सकिने स्वच्छताका सामग्री सफा संग धुने तथा घाममा सुकाउने ज्ञान तथा अभ्यास भएका घरधुरी | प्रतिशत | ५५% | ६५% | ७४% | ९०% | |
| सुरक्षित खानेपानी | क्लोरिनेटेड, उमालेको तथा रास्ट्रिय मापदण्ड सहितको खानेपानीको प्रयोग गर्ने घरधुरी | प्रतिशत | ३२.१५% | ५५% | ७५% | ८०% | |
| | खानेपानीको सुरक्षित भण्डारण खानेपानी छोपेर राक्ने घरधुरी | प्रतिशत | ४७ % | ६५% | ७७% | १००% | |
| | सुधारिएको स्रोत तथा ब्यबस्थित खानेपानी योजनाबाट खानेपानीको प्रयोग गर्ने घरधुरी | प्रतिशत | ३७% | ५५% | ७८% | ९०% | |
| खानाको स्वच्छता | भाडा माझ्ने स्थान भई सफा भाडाको प्रयोग गर्ने घरधुरी | प्रतिशत | २४% | ५३% | ६९% | ९४% | |
| | सफा भान्सा | प्रतिशत | ३८% | ५२% | ६५% | ८०% | |
| | फलफुल तथा काचै खाने खानेकुरा सफा गरेर मात्र खाने गरेको | वर्तमान अवस्था | २५% | ५०% | ८०% | १००% | |
| घरायसी तथा संस्थागत सरसफाइ | घर भित्र र बाहिर सफा | वर्तमान अवस्था | ६६ % | ८४% | ९५% | १००% | |
| | सड्ने तथा नसड्ने बस्तुको बर्गिकरण गर्न अलग अलग खाडलको व्यवस्था गरेका घरधुरी | प्रतिशत | १२% | ४५% | ७०% | ९०% | |
| | घरपालुवा बस्तुको गोठ तथा खोरको उचित सरसफाइ तथा ब्यबस्थापन | वर्तमान अवस्था | १०% | ४०% | ६५% | ८३% | |
| बाताबरनिय सरसफाइ | फोहोर पानीको करेसाबारीमा प्रयोग तथा अन्य तवरले उचित ब्यबस्थापन गरेका घरधुरी | प्रतिशत | ४२ % | ६४% | ७४% | ८०% | |

विजय भण्डारी
अध्यक्ष

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ठोस तथा तरल फोहोरको उचित प्रबिधिबाट ब्यबस्थापन गरेका घरधुरी | प्रतिशत | २५ % | ४२% | ६२% | ८२% | |
| | करेसाबारी तथा हरियाली रहेका घरधुरी | प्रतिशत | ३४% | ६६% | ८२% | १००% | |

## 6. पूर्ण सरसफाइ सम्बन्धि नतिजा प्राप्तिको लागि कार्ययोजना:

| प्रमुख सूचक | क्रियाकलाप | नेतृत्व | सहयोग/ समन्वय | समयावधि | | |
|---|---|---|---|---|---|---|
| | | | | २०२४ | २०२५ | २०२६ |
| | | | | ८१/८२ | ८२/८३ | ८३/८४ |
| आधारभूत र सुधारिएको (सुरक्षित)चर्पीको प्रयोग | सबै बस्ती/टोल मा सरसफाइ तथा पूर्ण सरसफाइ कार्यदल गठन तथा परिचालन | वडा/ वास इकाई | पालिका,बिद्यालय , स्वास्थ्य संस्था | | | |
| | शौचालयका विभिन्न प्राबिधिक बिकल्पको बारेमा स्थानीय स्तरमा कार्यरत मिस्त्रीहरुलाई तालिम तथा सीप स्तरोन्नति | वडा/ वास इकाई | पालिका, सम्बन्धित निकाय | | | |
| | शौचालय नभएका घरहरुमा शौचालय निर्माण तथा सुधारको कार्य | वडा/ वास इकाई | पालिका, सम्बन्धित निकाय | | | |
| | शौचालय बनाउन नसक्ने अति गरिब घरहरुको पहिचान तथा बाह्य सामग्रीको सहयोग | वडा/ वास इकाई | पालिका, सम्बन्धित निकाय | | | |
| | सरसफाइ प्रबर्धनको अवस्था बुझ्न स्थानीय तहबाट अनुगमन | वडा/ वास इकाई | पालिका, सम्बन्धित निकाय | | | |
| व्यक्तिगत सरसफाइ तथा हातधुने आनिबानि | घर घरमा हात धुने स्थान निर्माण तथा प्रयोग | वडा/ वास इकाई | पालिका, सम्बन्धित निकाय | | | |
| | प्रयोग गरिएका महिनावारी स्वच्छताका सामग्रीको ब्यबस्थापनको लागि नजिकै फोहोर विसर्जनको लागि खाडलको व्यवस्था गर्ने र प्रायोग गर्ने | वडा/ वास इकाई | पालिका, सम्बन्धित निकाय | | | |
| | पुन प्रयोग गर्न मिल्ने स्यानिटरी प्याड धुने तथा घाममा सुकाउन प्रोत्साहन गर्ने | वडा/ वास इकाई | पालिका, सम्बन्धित निकाय | | | |
| | हात धुने अभ्यासको प्रदर्शन, स्यानिटरी प्याडको प्रयोग तथा सफाइ सम्बन्धमा अन्तरक्रिया, सम्बाद | वडा/ वास इकाई | पालिका, सम्बन्धित निकाय | | | |
| सुरक्षित खानेपानी | सबै घर परिवारले क्लोरिनेटेड खानेपानीको प्रयोग गर्ने | वडा/ वास इकाई | पालिका, सम्बन्धित निकाय | | | |
| | सफा तथा सुरक्षित खानेपानी आपूर्तिको लागि नियमित रुपमा खानेपानीका संरचनाको अबलोकन, मर्मत, सम्भार गर्ने | वडा/ वास इकाई | पालिका, सम्बन्धित निकाय | | | |
| | घर धुरी तहमा खानेपानीको सुरक्षित भण्डारणको लागि अभिमुखीकरण तथा अभ्यास | वडा/ वास इकाई | पालिका, सम्बन्धित निकाय | | | |
| | सुरक्षित खानेपानीको प्रयोग सम्बन्धमा प्रत्येक ६/६ महिनामा घरायसी तहमा खानेपानीको अनुगमन | वडा/ वास इकाई | पालिका, सम्बन्धित निकाय | | | |

विजय भण्डारी
अध्यक्ष

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सुरक्षित खानेपानीको प्रयोग र स्वास्थ्य सम्बन्धमा छलफल तथा अन्तरक्रिया कार्यक्रम आयोजना गर्ने | वडा/ वास इकाई | पालिका, सम्बन्धित निकाय | | | |
| खानाको स्वच्छता | | | | | | |
| | खानाको स्वच्छता बिषयमा समुदाय तहमा अभिमुखीकरण/ तालिम | वडा/ वास इकाई | पालिका, सम्बन्धित निकाय | | | |
| | समुदाय स्तरमा खानाका विभिन्न परिकार बनाउने, स्वच्छै रुपमा परिकार निर्माण तथा प्रयोग गर्ने सम्बन्धमा छलफल तथा तालिमको ब्यबस्थापन/ आयोजना | वडा/ वास इकाई | पालिका, सम्बन्धित निकाय | | | |
| | नियमित तथा दैनिक रुपमा भान्साको सफाइ गर्ने सम्बन्धमा उत्प्रेरणा तथा अनुगमन | वडा/ वास इकाई | पालिका, सम्बन्धित निकाय | | | |
| | | वडा/ वास इकाई | पालिका, सम्बन्धित निकाय | | | |
| घरायसी तथा संस्थागत सरसफाइ | नियमित रुपमा घर आँगनको सफाइ गर्ने बिषयमाअभिमुखीकरण गर्ने | वडा/ वास इकाई | पालिका, सम्बन्धित निकाय | | | |
| | घरपालुवा बस्तुको गोठको उचित ब्यबस्थापन गर्ने/ नियमित सरसफाइ गर्ने | वडा/ वास इकाई | पालिका, सम्बन्धित निकाय | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| बाताबरनिय सरसफाइ | भान्साबाट निस्कने पानीलाइ सुरक्षित तवरले नजिकैको करेसाबारी, करेसाबारी नभए पानी सोस्ने खाडलमा जोड्ने, तथा नजिकैको फोहोर पानी संकलन गर्ने स्थानमा प्रबाह गर्ने | वडा/ वास इकाई | पालिका, सम्बन्धित निकाय | | | |
| | हरेक समुदायमा कुहिने र नकुहिने फोहोरको उचित ब्यबस्थापनको लागि अलग अलग खाडलको ब्यबस्थापन तथा प्रयोग | वडा/ वास इकाई | पालिका, सम्बन्धित निकाय | | | |
| | घर परिसरमा बगैचा तथा हरियालीको लागि उपयुक्त रुख, बिरुवाको ब्यबस्थापन | वडा/ वास इकाई | पालिका, सम्बन्धित निकाय | | | |
| | मानव मल मुत्र जन्य फोहोरको उचित ब्यबस्थापनको लागि समुदाय स्तरमा दुई खाल्डे शौचालयको निर्माण तथा संचालन | वडा/ वास इकाई | पालिका, सम्बन्धित निकाय | | | |
| | दिसा जन्य लेदो ब्यबस्थापन तथा मानव मलमुत्र जन्य फोहोर ब्यबस्थापनमा सम्बद्द व्यक्ति तथा समुहलाई ब्यबसायिक सुरक्षा सम्बन्धमा तालिम तथा आबश्यक सामग्रीको व्यवस्था | वडा/ वास इकाई | पालिका, सम्बन्धित निकाय | | | |
| | | | | | | |
| पूर्ण सरसफाइ उन्मुख बस्ती तथा पालिका बिकास | **पालिका तहमा पूर्ण सरसफाइ सम्बन्धि अभिमुखीकरण तथा तालीमको आयोजना** | वडा/ वास इकाई | पालिका, सम्बन्धित निकाय | | | |
| | समुदाय स्तरमा पूर्ण सरसफाइ सम्बन्धि अभिमुखीकरण | वडा/ वास इकाई | पालिका, सम्बन्धित निकाय | | | |
| | **पूर्ण सरसफाइका सूचक अनुसार र कार्य योजना अनुसार कार्यान्वयन** | वडा/ वास इकाई | पालिका, सम्बन्धित निकाय | | | |

विजय भण्डारी
अध्यक्ष

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | पूर्ण सरसफाइका सूचकमा आधारित भएर घरधुरी तथा समुदाय स्तरमा अनुगमन | वडा/ वास इकाई | पालिका, सम्बन्धित निकाय | | | |
| | पूर्ण सरसफाइका प्रमुख सुचकहरु प्रभावकारी रुपमा पुरा भएका हरेक समुदायका एक/एक संरचनालाइ उत्प्रेरणा स्वरूप पुरस्कृत गर्ने ( शौचालय, हात धुने स्थान, खानेपानीको धारा, राम्रो भान्सा, घर आँगन, वातावारनिय सरसफाइ) | वडा/ वास इकाई | पालिका, सम्बन्धित निकाय | | | |
| | पूर्ण सरसफाइ उन्मुख घर तथा समुदायलाइ प्रमाणीकरण गर्ने | वडा/ वास इकाई | पालिका, सम्बन्धित निकाय | | | |

## 7. आन्तरिक तथा बाह्य श्रोत पहिचान तथा परिचालन

**आन्तरिक स्रोत साधन:**

पालिकाले सुरक्षित तथा ब्यबस्थित सरसफाइ र पूर्ण सरसफाइको लक्ष्य तथा गन्तब्य हासिल गर्नको लागि अधिकतम रुपमा आन्तरिक स्रोत साधनको उपयोग गर्ने छ। आन्तरिक तर्फ देहाय बमोजिमका स्रोत साधन रहेका छन्

**मानब स्रोत साधन:** पालिकाले पालिका अन्तर्गत कार्यरत सबै कर्मचारीका लागि अधिकतम रुपमा सरसफाइ स्वच्छता प्रबर्धन र पूर्ण सरसफाइ तर्फ उन्मुख गर्ने बाटोमा परिचालन गर्नेछ। समय समयमा कर्मचारीका लागि सरसफाइ, पूर्ण सरसफाइ सम्बन्धि तालिम आयोजना गर्ने छ साथै आबश्यकता अनुसार समुदाय बीच सिकाइ आदान प्रदानको लागि क्रियाकलाप संचालन गर्नेछ।

**आर्थिक स्रोत साधन :** पालिकाले पालिकाले प्राप्त गर्ने साथै पालिकाको आन्तरिक आय बाट पूर्ण सरसफाइको लागि शौचालयको निर्माण तथा सुधार, खानेपानी आयोजनाको निर्माण, सुधार तथा प्रभावकारी संचालन, आनीबानी बिकास सम्बन्धि क्रियाकलाप संचालन, घरायसी तथा वातावरणीय सरसफाइको लागि बजेटको बिनियोजन तथा कार्यान्वयन गर्ने छ।

**वाह्य स्रोत साधन:**

सुरक्षित ब्यबस्थित सरसफाइ र पूर्ण सरसफाइको लक्ष्य तथा गन्तब्य हासिल गर्नको लागि पालिका स्तर तथा अन्य स्थानमा कार्यरत निकायहरुको पहिचान तथा तत् तत् निकाय संगको समन्वय तथा सहकार्यमा कार्यक्रम संचालनको ब्यबस्था मिलाइने छ।

पालिकाले यस क्षेत्रको विकास तथा पूर्ण सरसफाइ संग लक्ष्य हासिल गर्नको लागि देहाय बमोजिमले आर्थिक श्रोत साधनको बिनियोजन गर्ने छ।

बिजय भण्डारी
अध्यक्ष

CamScanner

| स्रोत | आ.ब. (रु. लाखमा ) | | |
|---|---|---|---|
| | २०२४ | २०२५ | २०२६ |
| | ८१।८२ | ८२।८३ | ८३।८४ |
| आन्तरिक | १५०००००।- | १५०००००।- | १५०००००।- |
| वाह्य स्रोत | १८००००।- | २५०००००।- | ३५०००००।- |
| सामुदायिक | ९०००००।- | १००००००।- | १००००००।- |
| जम्मा | ४२००००।- | ५००००००।- | ६००००००।- |

## 8. खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा सम्बद्ध निकायहरु र समन्वय तथा सहकार्यको क्षेत्र

पालिकाले यस क्षेत्रको समन्वयात्मक तथा प्रभावकारी विकासको लागि संयुक्त राष्ट्र संघीय निकाय, विभिन्न रास्ट्रिय तथा अन्तररास्ट्रिय निकायको पहिचान गरी समन्वय तथा सहकार्यमा कार्य अगाडि बढाइनेछ। बिशेष गरी सरसफाइ तथा पूर्ण सरसफाइ संग सम्बन्धित लक्ष्य हासिल गर्नको लागि सरसफाइ तथा स्वच्छता प्रबर्धन, शौचालय निर्माण तथा सुधार, मानव मल मूत्र ब्यबस्थापन संग सम्बन्धित संरचनाको निर्माण तथा व्यवस्थापन पक्ष लगायतका बिषय क्षेत्रमा सहकार्य गरिनेछ।

## 9. सुपरिबेक्षण, अनुगमन तथा मूल्यांकन

पालिकाले सुरक्षित तथा ब्यबस्थित रुपमा ब्यबस्थापन गरिएको सरसफाइ र पूर्ण सरसफाइको समन्वयात्मक रुपमा प्रभावकारी रुपमा संचालन गरी अपेक्षित उपलब्धि हासिल गर्नको लागि कार्य क्षेत्रम नियमित रुपमा सुपरिबेक्षण गर्ने छ। साथै अनुगमन र मूल्यांकन पद्धतिलाइ स्थानीय तहको अनुगमन तथा मूल्यांकन पद्धति अनुसार नै उपाध्यक्ष / उप प्रमुखको संयोजनमा अगाडि बढाइने छ।

विजय भण्डारी
अध्यक्ष

CamScanner